# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
## स्वामी कार्तिक खापर गाउँपालिका
## बाजुरा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं ४२६

मिति: २०७७/३/२६


श्री अध्यक्षज्यू,
स्वामीकार्तिक खापर गाउँ कार्यपालिकाको,कार्यालय,
बाजुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं : ४३५

मिति : २०७७।३।२६

श्री अध्यक्षज्यू,
स्वामी कार्त्तिक खापरगाउँपालिका, बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले स्वामी कार्त्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यसंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ४ करोड ८९ लाख ८३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु२६ लाख ८६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३ करोड ८५ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु. ३३ लाख ७९ हजार र पेश्की बाँकी रु. ४३ लाख ५६ हजाररहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना११ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२६
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# स्वामी कार्त्तिक खापर गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो पालिका अन्तर्गत ५ वडा रहेको, २९ सभा सदस्य,११०.५० बर्ग कि.मी. क्षेत्रफल, १४९०९ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोष:** स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६९ र ७२ वमोजिम स्वामी कार्त्तिक खापर गाउँपालिकाले प्राप्त गरेको आय,व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.सं. | आय तर्फ | | क्र.सं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **यस आवको रु.** | | **विवरण** | **यस आवको रु.** |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालू खर्च चालू** | ४५५१३८३४.०० |
| | नगद | | २ | **पूजिगत खर्च** | ११९३०१७२६.७१ |
| | धरौटी | | | **प्रदेश पुजिगत** | ६७४५०००.०० |
| | बैंक | ५०५८४३९६.२० | ३ | **सशर्त अनुदान खर्च** | ९२२४६६६९.५० |
| २ | केन्द्रीय राजश्व | | | **जलस्रोत कार्यक्रम खर्च** | १०८३१०००.०० |
| | **राजस्व (आन्तरिक आय)** | | | समाजिक सुरक्षा | २४२१७२००.०० |
| | आन्तरिक राजस्व | १३२४१९३२.८० | | संघीय सरकार हस्तान्तरित कायंक्रम | |
| | राजस्व बाँडफाँड | ३८२५६२९०.५६ | ४ | वहुक्षेत्रीय पोषण योजना | १२३५०००.०० |
| ३ | अन्य आय | | | प्रधानमंत्री रोजगर कायंक्रम | ३४३३३१९.०० |
| | **वित्तीय हस्तान्तरण** | | | प्रदेश तथा स्थानीय तह क्षमता | ०.० |
| | वित्तीय समानीकरण अनुदान | ८३९००००० .०० | | सशर्त प्रदेश प्रोत्साहन भत्ता | ३०५०००.०० |
| | राजश्व वाडफाड विभाज्य कोष | | | झोलुंगे पुल कायंक्रम | ४२७९९९९.०० |
| | सशर्त अनुदान | ९२३२३०००.०० | ५ | प्रदेश प्रोत्साहन अनुदान | ५७००००.०० |
| | झोलुंगे पुल कायंक्रम | ६८०००००.०० | ६ | निर्वाचन क्षेत्र साझेदारी | ३००००००.०० |
| | समाजिक सुरक्षा | २३७०००००.०० | ७ | **धरौटी फिर्ता** | |
| | निर्वाचन क्षेत्र साझेदारी | ३००००००.०० | | फिनल्याण्ड सरकार | ९६५३८५२.०० |
| | प्रधानमंत्री रोजगर कायंक्रम | ४१४६०००.०० | | केन्द्रीय राजश्व दाखिला | |
| | वहुक्षेत्रीय पोषण योजना | १२३५०००.०० | | औषधि उपचार खर्च | २१२६२००.४० |
| | जलस्रोत कार्यक्रम | १०८३१०००.०० | | समपुरक अनुदान प्रदेश | १५३३०००.०० |
| | फिनल्याण्ड सरकार | ११२७६०००.०० | | फिर्ता रुकम | ४९३११६१.५० |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **मौज्दात** | |
| | वित्तीय समानीकरण अनुदान | ६७४५०००.०० | | नगद मौज्दात | |
| | प्रदेश समपुरक अनुदान | १५३३०००.०० | | बैंक मौज्दात | २०६४९८५७.८५ |
| | प्रदेश तथा स्थानीयतह क्षमता विकास | ३०५०००.० | | धरौटी | |
| ७ | **वित्तीय व्यवस्था प्राप्ती** | | | | |
| ८ | संचित विदा | ८३९१२७.२ | | | |
| ९ | औषधि उपचार | १२८७०७३.२ | | | |
| १० | प्रदेश प्रोत्साहन अनुदान | ५७००००.० | | | |
| | जम्मा | ३५०५७२८१९.९६ | | जम्मा | ३५०५७२८१९.९६ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | उल्लेखित आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, नमुना छनौट, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार ४ सदस्यीय लेखापरीक्षण टोलीले लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६।०६।१४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| १. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । वार्षिक खरिद योजना, नागरिक वडापत्र, सेवाग्राही मैत्री संरचना, मलेप फारम नं. २, भ्रमण अभिलेख खाता, खरिद इकाई गठन जस्ता कार्यमा कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गराई कार्यान्वयन गर्नु गराउनुपर्दछ । | |
| २. | **वित्तीय विवरणको यथार्थता :** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सोको पूर्णपालना गर्नुपर्ने देखियो । | |
| ४. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ मा पालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायबाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने देखिएको छ । | |
| ५. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीयत तह संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था नगरेकोले सो मा सुधार हुनुपर्दछ । | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा | |

राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

८. **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

९. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको गापास्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ ।

१०. **चौमासिक खर्च :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २०.९८ प्रतिशत, दोश्रो चौमासिकमा १९.४९ प्रतिशत र तेश्रो चौमासिकमा ५९.५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा २६.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

११. **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) पालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ ।

१२. **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा गाँउपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दीमा देहायनुसार १४९ स्वीकृत रहेकोमा हाल जम्मा शिक्षक समेत ६३ जना स्थायी, ३६ करार र ३१ जना राहत समेत १३० जना कार्यरत रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिध्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क्र.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | स्वयम सेवक शिक्षक |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका वडा समेत | २९ | ४ | ७ | ० | ११ |
| २ | कृषि भेटनेरी | ६ | ० | ६ | ० | ०६ |
| ३ | स्वास्थ्य | १५ | १४ | ० | ० | १४ |
| | आधारभुत स्वस्थ्य केन्द्र | ६ | | ६ | ० | ६ |
| ४ | शिक्षक | ९१ | ४५ | १५ | ३१ | ९१ |
| ६ | स्वस्थ्य इकाई | २ | ० | २ | ० | २ |
| | **जम्मा** | **१४९** | **६३** | **३६** | **३१** | **१३०** |

१३. **मध्यकालीन खर्च संरचनाः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१४. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । तर यस पालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन

| | | |
|---|---|---|
| | संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ। | |
| १५. | **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा मा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा कार्यालयहरुमा रहेका सामानहरुको एकिन हुने गरी जिन्सी निरीक्षण गरेको छैन । यसका अतिरिक्त नियमानुसार जिन्सी निरीक्षण नगर्नुका साथै माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । तत्काल जिन्सी निरीक्षण गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । | |
| १६. | **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ । | |
| १७. | **निशुल्क औषधि लोगो :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ को खण्ड (च) मा सरकारी जिन्सी सामानको दुरुपयोग हुन नपाउने गरी आन्तरीक नियन्त्रण व्यवस्था अपनाउनु पर्ने उल्लेख छ । संघीय संसद सार्वजनिक लेखा समितिले पनि नेपाल सरकारबाट निशुल्क रुपमा वितरण हुने औषधिमा नेपाल सरकारबाट निशुल्क वितरणको लोगो लगाउनु पर्ने निर्देशन दिएको छ । यसरी लोगो नलगाइएको कारणले रु. ८,००,०००। बराबरका ती औषधीबाट कुनै व्यक्तिले फाइदा हुने गरी प्रयोग गर्न नसक्ने र निशुल्क वितरणको लोगो नलागाएमा दुरुपयोग हुन सक्ने भएकोले सो सुनिश्चित हुने गरी निशुल्क वितरणको लोगो प्रयोग हुनुपर्दछ । | |
| १८. | **आन्तरिक आय :** आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । गाउँ सभाले आन्तरिकबाट रु. ५०५,०००। प्राप्त हुने अनुमान गरेको भएपनि रु .१३२४१९३२।८० प्राप्त भयो । यसमा सिफारिस दस्तुर रु. २४११२५। डोजर आम्दानी रु. १२४५६३९४।, मालपोत तिरो रु.३०४७७०।, कृषि अनुदानबाट रु. १२६०००श्र लगायत अन्य आय समेत समावेश छन ।<br>१) मालपोतको लगत रीख असुल गर्ने साथै वडावाट प्राप्त आय एकिन गर्नुपर्ने देखिएको छ ।<br>२) नक्सापासबाट आय प्राप्त भएको छैन र नक्सापास गरी घर बनाउने कार्य व्यवस्थित तरिकाले हुने गरेको देखिएन ।<br>३) सिफारिश मालपोत आदी असूल गरी प्राप्त राजस्व दैनिक रुपमा मलेप फारम १०८ मा पोष्टिङ्ग गरी देखाउनुपर्नेमा सो गरेको छैन । यसर्थ यसमा सुधार हुनुपर्दछ । | |
| १९. | **अनुगमन मूल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ ख (५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्रा सोको प्रतिवेदन बैठकमा पेश गर्ने अधिकार पालिकाको उपाध्यक्षलाई दिएको छ । सो अनुसार प्राविधिक तथा प्रशासनिक प्रमुख समेत रहने गरी अनुगमन समिति गठन गरेको छ । तर निजले ज्यादै न्यून योजनाको अनुगमन गरेको र प्रतिवेदन दिन नसक्ने कारण रहेको जानकारी प्राप्त भए पनि अन्य सदस्यहरुले दस्तखत गरेको प्रतिवेदन संलग्न गरेको छैन । | |

अनुगमन प्रतिवेदन वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा गठित कमिटीले अनुगमन प्रतिवेदन फोटो समेत पेश गर्ने उल्लेख भए पनि सो पेश गरेको छैन । साथै अनुगमन समितिको भनाई पनि स्पष्ट नभए पनि वडाध्यक्षवाट भुक्तानीको लागि सिफारिस गरेकोमा भई आएको स्थिति छ । तर उपाध्याक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरी प्रत्ययोजित व्यवस्था अनुसार अनुगमन गर्ने व्यवस्था मिलाई सुधार हुनुपर्दछ ।

२०. **फोहोरमैला व्यवस्थापन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (झ) मा आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धि पूर्वाधारको विकास र व्यवस्थापनमा निजी र गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ । ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रममा ५ वटा वडामा वडा वास समिति र गाउँपालिका स्तरमा गाउँपालिका स्वच्छता तथा सरसफाई समितिको गठन भएको छ । विद्यालयमा शौचालय र वगैचा प्रवर्द्धन र ल्कव गठन र सरसफाइ सम्वन्धी तालिम दिएको छ । वडामा च्याङ्ग र जुठ्यान, गोठे मलको व्यवस्थापन गरेको र सुधारिएको फलामे चुल्हो गत वर्ष १०० र यो वर्ष २०० वटा चुल्हो तथा २२५ वटा महिनावारी सेनेटेरी प्याड वितरण गरेको छ । चालु वर्षमा २ वटा टोलका १०० घर धुरीलाई पूर्ण सरसफाईयुक्त घर धुरी घोषणा गर्ने गरी कार्यक्रम संचालन भइरहेको जानकारी प्राप्त भयो । अवलोकन गर्दा प्लाष्टिक र प्लाष्टिक जन्य फोहोर पार्ने प्रवृत्ति बढ्दै गएको देखिएकोले त्यसतर्फ पालिका सचेत हुनुपर्दछ ।

२१. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेशले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो गाँउपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु. ५२५१४५०। खर्च लेखेको देखियो ।

| क. सं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष । | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १६ जना | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६००००.० | ३०००००.० | ९६००००.० | ५७६०००.० | ९६००००.० | | ३१५६०००.० |
| २. | सञ्चार सुविधा | १३२००.० | १२०००.० | ३०००.० | ०. | ० | | ५५२००.० |
| ३. | वैठक भत्ता | ७२०००.० | ७२०००.० | ३६००००.० | ४३२०००.० | ४८०००.० | | ९८४०००.० |
| ४. | अनुगमन भत्ता | २५००००.० | १०००००.० | ३५००००.० | ७००००.० | १३१२५०.० | | ९०१२५०.० |
| ५. | अतिथी सत्कार | ५००००.० | ० | ० | ० | ० | | ५००००.० |
| ६. | यातायत खर्च | ५००००.० | २५०००.० | ३००००.० | ० | ० | | १०५०००.० |
| | जम्मा | ७९५२००.० | ५०९०००.० | १७०३०००.० | १०७८०००.० | ११३९२५०.० | | ५२५१४५०.० |

२२. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । नियमा भएको व्यवस्था विपरित कार्यालयबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भ्रमण भत्ता भुक्तानी हुँदा स्थानीय भत्ता कट्टा नगरेको देखिएकोले असुल हुनुपर्ने रु. **२५९१९.०**

| क्र.सं | कर्मचारीको नाम | दिन | रकम रु. |
|---|---|---|---|
| १ | प्र.प.अ माधव शर्मा | ३२ | १२७९४.० |
| २. | रविलाल कटेल | १५ | ३२३०.० |
| ३ | भक्त बहादुर कैला | ३८ | ९८९५.० |
| | **जम्मा** | | **२५९१९.००** |

## वित्तीय समानीकरण पूजीगत

२३. **क सीमा अधिकार क्षेत्र :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र ( Right of way ) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२४. **लगानी :** सार्वजनिक निकायले स्थानीयस्तरमा सेवा विक्री गरी दिर्घकालीन नाफा कमाउन सक्ने योजनालाई अनुदान दिनु भन्दा लगानी गर्नु उपयुक्त हुन्छ । कार्यालयले देहायका दिर्घकालीन नाफामुलक योजनालाई भुक्तानी गर्दा लाभको हिस्सा एकिन नगरेको तथा संचितकोषमा देखाएको छैन । दीर्घकालसम्म कायम रहने यस्ता योजनामा लगानी गर्दा लगानीलाई समग्रमा देखाउने, लागत लाभको विश्लेषण गरेर लगानी गर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख गर्ने, सम्झौताका कागजात सुरक्षित र भरपर्दो राख्ने, सेयरप्रमाण पत्र लिने, लगानी सम्बन्धमा स्थानीय मापदण्ड, नीति र कानुन बनाउने कार्य गर्नुपर्ने देखिन्छ । लगानीको संम्झौता र लगानीको हिस्सा आर्थिक विवरणमा देखाउनुपर्ने देखिएको रु.

| क्र.सं | विवरण | गत वर्ष लगानी रु. | यस वर्ष लागनी |
|---|---|---|---|
| १ | जुङ्गी खोला लघु जलविद्युत्त आयोजना | | ५०००००.०० |
| २ | जेरा लधुजलविद्युत्त आयोजना | १४०००००.०० | ३०००००.०० |
| ३ | कार्तिक स्वामी वहुउद्वेश्यीय सहकारी सस्था लिमिटेड | | १०००००.०० |
| ४ | सम्भु सुनन्दा वहुउद्धेश्यीय सहकारी सस्था लिमिटेड | | ५०००००.०० |
| ५ | मिलिजुली वहुउद्धेश्यीय सहकारी सस्था लिमिटेड | | ५०००००.०० |
| ६ | सत्य साही वचत तथा सहकारी संस्था | | ५०००००.०० |
| ७ | खालि खोला लघुजलविद्युत्त संरक्षण | | १६५४९००.०० |
| | **जम्मा** | **१४०००००.००** | **७६५४९००.००** |

९०५४९००.०० 

२५. **प्रमाण पेश गर्नुपर्ने :** स्वीकृत वजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारका भूक्तानीमा राख्नुपर्ने प्रमाण नदेखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु. ११८९९३६.०

| क्र. सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. | पेश हुनपर्ने |
|---|---|---|---|---|
| १ | ३६-०७६/३/३० | शम्भु सुन्नदा मा.वि.जुकु | ६५००००.०० | विज्ञान प्रयोगशाला सामग्री दाखिला प्रतिवेदन पेश नभएको |
| २ | ३८-०७६/३/३० | राधुमाता मा.वि.साप्पटा | ४६८०००.०० | कम्प्यूटर तथा इन्टरनेट जडानको दाखिला प्रतिवेदन पेश नभएको |
| | | **जम्मा** | **११८९९३६.०** | |

२६. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आवमा भुक्तानी दिएका निम्नानुसारका योजनामा बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. २६१४७२७.००

| क्र.सं. | भौ.न./मिति | विवरण | परिणाम | फरक दर | रकम रु. |
|---|---|---|---|---|---|
| १ | १४४-०७६/२/२३ | विभिन्न कार्यक्रम संचालन गर्न भनि स्वामी कार्त्तिक बहुउद्देश्यीय सहकारी संस्था लि. सँग सम्झौता गरी कार्यसम्पन्न गर्दा विभिन्न बैठक तथा तालिममा सहभागिलाई भत्ता बुझाउदा एकै व्यक्तिले हस्ताक्षर गरि पेश्की फछ्र्यौट गरेको देखिएको रु. १७६६००। | | | १७६६००.०० |
| २ | २५४-०७६/३/२५ | जनमासी खानेपानी योजनाको प्राविधिक विल बमोजिम खाडल खन्ने कार्य ५११० मिटर हुँदा पाइप २४३१ मिटरमात्र देखिएकोले खाडल खन्ने र पुर्ने कार्य ७२३ घनमिटरको बढि भुक्तानी भएको । | ७२३ | ८९६ | ६४७८०८.० |
| ३ | २८८-०७३/३/३० | नरजित, नरजंग नरपति लोक मार्गको आइटम २.१ मा ग्याविन वक्स ढुङ्गा भर्ने कार्य भन्दा ५० वटा बढिको भुक्तानी भएको । | ५० | ५५४४.० | २७७२००.०० |
| ४ | ३०७-०७६/३/३० | नरजित, नरजंग, नरपति लोक मार्गको अर्को खण्डमा ६८ बटा २X१X१ रु. ५२०१का दरले तथा ३० वटा १.५X१X१ को रु. ३७४५ का दरले ग्याविन खरिद तथा वनाउने कार्यको बढि भुक्तानी दिएको । | ६८/ ३० | ५२०१/ ३७४५ | ४६६०१८.० |
| ५ | ३०९-०७६/३/३० | खाली खोला लघुजलविद्युत्तको भुक्तानी गर्दा आइटम नं. ४ को स्टोन मेशिनरी सिमेन्ट स्याण्ड मोटार १:४ को २.२ घनमिटरको रु.१७९९२। दिनुपर्नेमा रु. २२०१३ दिएको । | २.२ | ४०२१ | ८८४६.० |
| ६ | ३११-०७६/३/३० | सियालपानी खानेपानी निर्माण योजनाको आइटम नं. ४ मा fabrication of gabion box including rolling, cutting and waiving as per design (2x1x1) को २८ वक्स दिँदा भर्ने कार्य १८ वटा मात्र भएकोले बढि गणना १० वटा भएको । | १० | ४६८८ | ४६८८०.० |
| ७ | ३३०-०७६/३/३० | गोठेओडार खानेपानी योजनाको ट्रान्समिसन लाइन खन्ने लम्वाई २६८० तथा वितरण लाइन खन्ने लम्वाई ५०० मिटर गरि जम्मा ३१८० मिटर दिएकोमा पाइपको लम्वाई २६९८ मिटर मात्र रहेको देखिएको बढि खन्ने कार्य दिएको ४८२ मिटर अर्थात १८५ घनमिटर बढि भएको | १८५ | ९७५ | १७९७५५.०० |
| ८ | ३३७-०७६/३/३० | दुधेखोला भुहाखाडा हुदै स्कुलसम्मको सडक निर्माण गर्दा (2x1x1) जाली ९० वटा भुक्तानी दिएकोमा जाली भर्ने कार्य ५५ वटामा मात्र भएको नापी कितावमा उल्लेख भएको देखिएकोले ३५ वटा बढि भुक्तानी भएको असुल गर्नुपर्ने । | ३५ | ४८७३.३ | १७०५६६.० |
| ९ | ३४१-०७६/३/३० | कृषि सडक निर्माण कार्यमा नापी कितावमा ग्याविन भरेको परिणाम उल्लेख नभई लागत अनुमानमा समावेश नभएको (2x1x1) को ५० वटा ग्याविन दिएको । | ५० | ४६४५.८ | २३२२९०.० |
| १० | ९-०७६/२/३० | ठूलो तुसारे खानेपानी योजनाको ट्रान्समिसनको लागि ४९८१ मिटर र डिष्ट्रव्युशनको लागि २८४७ मिटर गरी जम्मा ७८२८ मिटरको ट्रेन्च खन्ने र पूर्ने कार्यको लागि भुक्तानी भएकोमा नापी किताबमा पाइप लम्वाई ६४५६ मात्र भएकोले खन्ने पुर्ने कार्यको लागि १३७२ मिटर अर्थात खन्ने र पुर्ने कार्यको रु.७६८। का दरले २९६ घनमिटर बढि भुक्तानी भएको। | २९६ | ७६८.० | २२७३२८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | ११-०७६/३/२५ | खालुखोरे खानेपानी तथा सरसफाई आयोजनाको ट्रेन्च लम्वाई २३८१ मिटर हुँदा पाइपको लम्वाई ६४६१ मिटर दिएको तथा १३७२ मिटर पुरानो पाइप प्रयोग गर्ने नापी कितावमा उल्लेख भएको घटाउदा २७०८ मिटर बढि भुक्तानी दिएको देखिएको ले औसत पाइपको खरिद दर रु. ६७ का दरले असुल हुनुपर्ने । | २७०८ | ६७.० | १८१४३६.० |
| | | **जम्मा** | | **२६१४७२७.००** | |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| २७. | **रन्के खानेपानी योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भौ.न. ३३४-०७६।३।३० बाट ट्रान्समिशन लाइन खन्ने कार्य १६५० मिटर र वितरण लाइन १८५० मिटर गरी जम्मा ३५०० मिटर दिएकोमा पाइपको लम्वाई नापी कितावमा नदेखाई रु २१४४५२। को भूक्तानी दिएको देखियो । यसबाट वास्तविक पाइपको लम्वाई कति हो एकिन हुन सकेन । पाइपको लम्वाई एकिन गरी नियमित गर्नुपर्ने रु. | **२१४४५२.०** |
| २८. | **मोटेढुङ्गा सडक निर्माण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सम्पन्न भएको मौरेढुङ्गा देखि वडा नं. ५ कार्यालयसम्मको सडक निर्माण कार्यमा रु. १५८२२२५। को एकै व्यक्तिले विभिन्न व्यक्तिको नाममा रकम बुझेको सहिछाप गरेको देखियो । यसबाट वास्तविक कामदारले रकम पाए नपाएको एकिन गर्न सकिएन । साथै, उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन पेश भएको देखिएन । कार्यसम्पन्न प्रतिवेदन पेश सहित सम्वन्धित व्यक्तिले रकम पाए नपाएको एकिन गरि पाएकोमा नियमति गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | **१५८२२२५.०** |
| २९. | **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका खरिद कार्यमा लागत अनुमान बनाई स्विकृत गरेको देखिएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ । नियम विपरित भएको कार्यको औचित्य पुष्टि गर्नुपर्ने देखिएका रु. | **४०६०४७५.०** |

| भौ.न. ⁄मिति | विवरण | रकम |
|---|---|---|
| ४१-०७५/१०/६ | ढिकुरी सिंचाई तथा लघुजलविद्युत्त परियोजना डिपीआर | १९४८१२०.०० |
| ६४-०७५/१२/०५ | नरजंग, नरजित, नरपति सडक विस्तृत सर्भे | १२२८३५५.०० |
| ६८-०७५/१२/११ | फेरीबोट सर्भे डिजाइन रिपोर्ट | ८८४०००.०० |
| | **जम्मा** | **४०६०४७५.०** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| ३०. | **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.न. ३०२-०७६।३।३० बाट रु. ३२०१२७। भुक्तानी गर्दा आरती ढूवानी सेवा, नेपालगञ्जलाई गंगादेवी प्रा.वि.को निर्माण सामाग्री ढुवानीमा १६००६। कर कट्टा छुट भएको देखिएकोलेदाखिला हुनुपर्ने रु. | **१६००६.०** |
| ३१. | **पेश्की बढि :** सार्वजनिक खरिद ऐन, २०६३ को ५२ (क) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ । भौ.न. १९९-०७६।३।१६ बाट सुनन्दा मण्टेश्वरीलाई लागत अनुमान रु. १६७७८३३३।७६ रहेकोमा रु. ४० लाख पेश्की नियम विपरित दिएको सम्वन्धमा छलफल गर्दा गाउँपालिकाको सम्पूर्ण भुभागलाई कर्णाली कोरिडोरमा जोडी अन्य भुभागसँग सवारी साधनको पहुँच पुऱ्याउने गरी कर्णाली नदिमा फेरि निर्माण गर्नको लागि रकम उपलब्ध गराएको साथै निर्माणसँग सम्वन्धीत केही सामान जितेगडामा आइसकेको समेत जानकारी प्राप्त भएको रु. | **४०००००.०** |
| | **वित्तीय समानीकरण चालूतर्फ** | |
| ३२. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु ४१,४६,०००। विनियोजन भएकोमा रु ३४३३३१९।०० खर्च गरि रु ७१२६८१।०० बाँकी रहेकोमादेखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।<br>क) यस पालिका अन्तर्गत बेरोजगार ४४०० जना रहेको जनाएकोमा १६२ जनालाई औषतमा ३० दिनको रु ५१७ का दरले रु २५१२६२०।०० भुक्तानी गरेको छ । खर्च गरेकोले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमको ६०.०६ प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको ३.७ प्रतिशतले लाभ पाएको देखियो ।<br>क) खर्च भएको मध्ये टि सर्ट र हेल्मेट रु २०१६८८।०० मा र गैती वेल्चा लगायतमा रु ८८५००।०० मा खरिद गरेको र ती समान दाखिला गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ । । साथै टि सर्ट र हेल्मेट ती कामदारलाई नै हस्तान्तरण गरेको कार्यालयको भनाई छ ।<br>ख) रोजगारदाताको रकम भुक्तनी गर्दा खातामा जम्मा गरी खर्च लेख्नुपर्नेमा नागरिकताको प्रमाण समेत | |

<table>
<tr><td></td><td>संलग्न नराखी १६२ जनालाई औषतमा ३० दिनको रु ५१७ का दरले रु २५१२६२०।०० भुक्तानी खर्च लेखेकोमा वास्तविक बेरोजगारले रकम पाएको सम्वन्धमा यकिन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>अनुगमन खर्च: भ्रमण खर्च नियमावली २०६४ को नियम ७(३) मा सार्वजनिक यातायात चल्ने स्थानमा एकैदिन गई फर्कन सक्ने अवस्थामा दैनिक भत्ताको २५ प्रतिशत खाजाखर्च र यातायात खर्च पाउने व्यवस्था छ । नियम (८) मा सदरमुकाम क्षेत्र वा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । यस पालिका अन्तर्गतका मुकाम बाजुरा सम्म भ्रमण गर्दा तथा पालिकाका वडा सम्मको अनुगमन लगायत अन्य कार्यक्रमको लागि २ देखि ६ दिन सम्मको देखाई अनुगमन मूल्यांकन खर्च रु ३१८८३९०।०० रु भ्रमण खर्च रु.२१५८९०।०० समेत जम्मा रु ३४०४२८०।०० खर्च लेखेको छ । यस्ता खर्च नियन्त्रणमा आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका हुने भएकोले यसलाई अझ सशक्त वनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td><u>राजश्व वाडफाड चालु ३८३-२०७६।३।२५</u><br>सफ्टवेयर खरिद : स्थानीय सरकार संचालन ऐनको दफा ७३ को उपदफा ६ मा प्रमुख प्रशासकीय अधिकृतले वजेट खर्च गर्दा नियमितता,मितव्ययीता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। साथै खरिद ऐन २०६३ मा परामर्श सेवा खरिद गर्दा रु २० लाख सम्म वार्ताद्धारा खरिद गर्न सकिने व्यवस्था अनुसार आवश्यकताको पहिचान, प्रतिस्पर्धा नगरी एउटै सफ्टवेयरका ३ वटा फिचरहरुको वेग्लावग्लै दररेट राखी सेण्टर फर रिसर्च एण्ड ट्रेनिङ्ग ईनिसिएटिभ्स सुर्खेतसंग मु अ कर सहित रु १५८२०००। मा सिधै खरिद गरेको देखिएकोले मितव्ययी भएको आधार नदेखिएको रु</td><td>१५८२०००.०</td></tr>
<tr><td>३५.</td><td>खर्चको मापदण्ड : पालिकाले वर्षभरीमा खाजा खाना तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>खर्चको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>ईन्धन</td><td>२९००८८१</td></tr>
<tr><td>२</td><td>नगरसभा बैठक खर्च</td><td>२५००००.००</td></tr>
<tr><td>३</td><td>विविध खर्च (चीया पान र अतिथि सत्कार)</td><td>४८६२९८.२५</td></tr>
<tr><td>४</td><td>संचार महशुल</td><td>१४९४००.००</td></tr>
<tr><td>६</td><td>दैनिक तथा भ्रमण भत्ता खर्च तथा अनुगमन खर्च</td><td>३४०४२८०.००</td></tr>
<tr><td>७</td><td>जग्गा तथा घर भाडा</td><td>४७०६००.००</td></tr>
<tr><td>८</td><td>उदार राहत तथा पुनः स्थापना</td><td>४०७०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.</td><td>सेवा करार : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) माकार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा रु. ५ लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । पालिकाले.शिक्षक वाहेक ४० जना कर्मचारी नियुक्ती गरी सेवा परामर्श शिर्षकबाट रु ४९८४७२३।०० सशर्त शिर्षक बाट रु ३४४८०००। समेत जम्मा रु ८४३२९२३। खर्च लेखेको पाइयो । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम:१००० दिनका आमालाई पोषण सम्वन्धि कार्यक्रम सञ्चालनका लागि रु.१२३५०००। र गाउँपालिका बाट रु. ५०००००। समेत जम्मा रु १७३५०००। विनियोजन भएकोमा पोषण योजना कार्यक्रमबाट रु .१२३५०००। र गाउपालिका बाट रु. ५०००००। समेत जम्मा रु १७२०६०००। खर्च गरिरु १४४००। फिर्ता गरेको छ । पोषण सम्वन्धि कार्यक्रम सञ्चालनका लागि करेसावारी व्यवस्थापन तथा उन्नत तरकारी किट वितरण, पशु जन्य प्रोटीनको उपलव्धता, कुखुरा चल्ला खरिद तथा वितरण र पोषण समवन्धि व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यक्रम गरेको जनाएकोमा पालिका अन्तर्गत सवै वडाका १००० दिनका आमा पहिचान गरि अभिलेख अध्यावधिक गरि तिनलाई लक्षित गरि कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा लेखापरीक्षण सो अभिलेख पेश नभएकोले १००० दिनका आमाहरुको तथ्यांकमा समावेश भएकालाई लक्षित गरि कार्यक्रम गरी लक्षित वर्गले नै सो सेवा पाएको सम्वन्धमा यकिन हुन नसकिएकोले कार्यक्रमले लक्षित उपलव्धी हासिल हुने सम्वन्धमा प्रतिवेदन पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>खाना खर्च : २२।२०७६।३।३० वडा नं. ४ मा वाल वालिका माथी हुने शारिरीक तथा मानसिक दुर्वव्यवहार न्यूनीकरण तालिममा सहजकिरण गर्ने सामाजिक परिचालक सरस्वती गिरीले सहभागि मध्ये</td><td>८००.००</td></tr>
</table>

निर्मल कठायत र प्रकाश जैशी अनुपस्थित रहेकोमा समेत निजलाई रु ८००। सहभागि खाना खर्च लेखेकोले असुल हुनुपर्ने रु

३९. **पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिमको पेश्की फछ्र्यौट भएको छैन । अतः नियमानुसार पेश्की दिई समयमा फछ्र्यौट गर्नुपर्दछ । **३५५५००.०**

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | जेटिए हिरा सिंह कठायत | २७००००.०० | |
| २. | हिमचुली कृषक सिचाई टंकि निर्माण समिती | ८५५००.०० | |
| | **जम्मा** | **३५५५००.००** | |

४०. **कर विजक** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत भए देखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्दछ । त्यसरी कर विजक जारी गर्दा विजक नं. नभएको, विल कम्प्यूटर प्रिन्टेड हुन नहुने, केरमेट नभएको हुनुपर्ने उल्लेख छ । गगांदेवी नि.मा.वि.भवन निर्माण कायृका लागि निर्माण समाग्री खरिदको रिद्धिसिद्धि विनायक कारकादो बाँके लाईभुक्तानीमा विल नम्वर दोहोरो उल्लेख गरेको रु ३५८६२५।१३ को विल संलग्न गरी भुक्तानी भएको मु.अ.कर रु ४११८८।७३ को समायोजनको प्रमाण पेश गर्नु पर्ने रु. ४११८८.७३

४१. **छात्रवृत्ति वितरण –** विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा अनुमति तथा स्वीकृति प्राप्त सबै सामुदायिक विद्यालयका कक्षा १० सम्मका विद्यार्थीलाई छात्रवृत्तिको लागि निकासा दिने र निर्धारित समयभित्र छात्रवृत्ति वितरणको सुनिश्चित गर्न विभिन्न संयन्त्रबाट अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष २६ विद्यालयले छात्रवृत्ति वितरणको भरपाई बेगर रु. १३१६२००।०० वितरण गरेकोमा अनुगमन प्रतिवेदन संलग्न छैन । छात्रवृत्ति वितरण भएको सुनिश्चित हुनुपर्दछ ।

४२. **सामाजिक सुरक्षा भत्ता पाउनेको लगत** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था छ । साविकमा परिचयपत्र लिएका व्यक्तिहरुले समेत आगामी आर्थिक वर्षमा भत्ता पाउनको लागि तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गराउनु पर्ने व्यवस्था छ । निर्देशिकाको नियम ६(२) मा चालु आर्थिक वर्षको आषाढभित्र उमेर पुग्ने नागरिकहरुले नगरपालिकामा चालु आर्थिक वर्षको मंसिर १५ गतेसम्म दरखास्त दिनुपर्ने र दरखास्त दिएका लक्षित समुहलाई नगरपालिकाले निर्देशिका अनुसार परिचयपत्र उपलब्ध गराउनु पर्ने तथा आर्थिक वर्षको श्रावण १ देखि परिचयपत्र कार्यान्वयन हुने व्यवस्था छ । नगरपालिकाले यो आर्थिक वर्षमा रु १८६४०२००।०० सामाजिक सुरक्षा खर्च लेखेको छ । सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेहरुको अनलाईन डाटावेस तयार गरी सोही आधारमा खर्च तथा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिएको छ । साथै वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता हालसम्म बैक मार्फत वितरण गरेको देखिएन । बैंक मार्फत हितकारी व्यक्तिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन :

सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु. २ करोड ३७ लाख ४० हजार बजेट निकासा भई पालिका बाट थप रु ४ लाख ७७ हजार २००।०० समेत जम्मा रु.२ करोड ४२ लाख १७ हजार २ सय खर्च गरि पेश गरेको फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

१. बैक मार्फत बाहेक सामाजिक सुरक्षा भत्ता वितरण गर्न नपाइनेमा पेश्की दिई वितरण गरेको पाइयो ।

२. सामाजिक सुरक्षाको लाभग्राहीको अभिलेख अध्यावधिक नगरि रकम भुक्तानी गर्दा एउटै नागरिकता नं. दुई वा दुई भन्दा बढी भएका तथा एउटै नाम र नागरिकता दुई भएकालाई समेत भएको एम आइ एस लगत रहेकोले वास्तविक लाभग्राहीले रकम पाएको सम्वन्धमा एकिन गर्न सकिएन । अतः लाभग्राहीको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (एम आइ एस लगत) अद्यावधिक गरी लाभग्राहीलाई वैक मार्फत रकम भुक्तानी गर्नुपर्दछ ।

३. नमूनाको रुपमा वडा नं. १ को वितरण भरपाई परीक्षण गर्दा जेष्ठ नागरिक तथा विद्युवा भत्ताा वितरण गर्दा एउटै नाम, नागरिकता नं. भएको तथा ना.प्र. नं. नभएको तथा वालवालिकाको हकमा नाम, जन्म मिति तथा अभिभावकको नाम समेत दोहोरो रहेको अवस्थामा समेत ल्याप्चे भरपाई बाट दोहोरा तथा तेहोरो सम्म खर्च लेखेको देखिएकोले असुल गर्नु नपर्ने भएमा प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु. ९६००.०

| सि.नं. | भत्ताको | सामाजिक सुरक्षा | ना.प्र.नं. | वितरण | कैफियत |
|---|---|---|---|---|---|

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td></td><td>वर्गिकरण</td><td>भत्ता पाउनेको नाम</td><td></td><td>रकम</td><td></td></tr>
<tr><td>१</td><td>वालवालिका</td><td>मनिसा वि.क.</td><td>२०७४-६-२२</td><td>४८००</td><td>दोहोरो</td></tr>
<tr><td>२</td><td>वालवालिका</td><td>मनिका कामी</td><td>२०७१-१-९</td><td>४८००</td><td>दोहोरो</td></tr>
<tr><td></td><td colspan="2"></td><td>जम्मा</td><td>९६००.०</td><td></td></tr>
</table>
४. उपरोक्त १ नं.वडाको नमूना परीक्षणबाट अत्यधिक संख्यामा दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएकोले सम्पूर्ण वडामा गरेको रु.२४२१७२००।०० सामाजिक सुरक्षा भत्ता सम्वन्धमा वितरण संख्या यकिन गरि छानविन हुनु पर्ने रु.
</td>
<td>२४२१७२००.०</td>
</tr>
<tr>
<td>४३.</td>
<td>विल भरपाई भन्दा बढी भुत्तानि : गा.पा स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगीतामा खेल व्यवस्थापक नरेन्द्र बहादुर मल्लले खेल व्यवस्थापन गर्न रु ३२१७९५.०० वजेट माग गरेकोमा रु ३२६१९५.०० भुत्तानि गरेकोले रु ४४००.०० बढी भुत्तानि रकम असुल गर्नुपर्ने रु.</td>
<td>४४००.००</td>
</tr>
<tr>
<td>४४.</td>
<td>विल भरपाई बेगरको खर्च :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न कर्मचारी दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा ७ दिन भन्दा बढी भुक्तानी गर्दा दैनिक भत्ताको ५० प्रतिशत मात्र खर्च लेख्नुपर्ने पुरै दिनको खर्च लेखेको छ । यसरी बढि खर्च लेखेको रकम सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु.
<table>
<tr><th>गो भौ न.</th><th>पद नाम</th><th>देखी सम्म</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>३२२</td><td>ईञ्जिनियर</td><td>२०७६/२/१६-<br>२०७६/२/२४</td><td>८००</td><td>२४००</td></tr>
<tr><td>१७३/२०७५/११/५</td><td>जलस्रोत अधिकृत बन्धुविक्रम शाही</td><td>नखुल्ने</td><td>१६००</td><td>६४००</td></tr>
<tr><td>४०५-२०७६/३/२६</td><td>सि अ हेव नरेन्द्र ब. बुढा</td><td>२०७५/७/३-१२</td><td>१३२०</td><td>५२८०.००</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td></td><td>१४०८०.००</td></tr>
</table>
</td>
<td>१४०८०.०</td>
</tr>
</table>

अनुसूची– १

## स्वामी कार्तिक खापर गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | स्वामी कार्तिक खापरगाउँपालिका | २८ | २४ | ४९३२४ | ० | ८ | ३४१ | २८ | १६ | ४८९८३ | २६८६ | ३३७९ | ३८५६४ | | | ४४६२८ | ३५६ | ४००० | ४३५६ |

## स्वामी कार्तिक खापरगाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची - २

२०७५/७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | स्वामी कार्तिक खापरगाउँपालिका | बाजुरा | ५०५८४ | ८३९०० | २१६०८८ | ० | २९९९८८ | ४५५१४ | ११९३०२ | १६५१०७ | ३२९९२३ | २०६५० |

## अद्यावधिक वेरुजू स्थिति

अनुसूची - ३

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| स्वामी कार्तिक खापरगाउँपालिका | बाजुरा | ९५२५ | ० | ९५२५ | ० | ४८९८३ | ५८५०८ |